ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मर्चवारिकर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# ओमसतिया गाउँपालिकाको दीगो विकास लक्ष्यहरु स्थानीकरण सम्बन्धी नीति तथा कार्ययोजना २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१/११/०५

१. पृष्ठभूमिः-

दिगो विकासका लक्ष्यहरुलाई विकासका कार्यमा आन्तरिकीकरण गर्दै समग्र विकासलाई गुणस्तरीय बनाउने उद्देश्य सहित लिइएका विश्वव्यापी लक्ष्यहरुलाई आन्तरिकीकरण गर्दै राष्ट्रिय लक्ष्यमा पुग्न सहयोग हुने गरी दिगो विकासका लक्ष्यलाई स्थानीकरण गर्ने सन्दर्भमा ओमसतिया गाउँपालिकाले दिगो विकास लक्ष्यहरुलाई आफ्नो भौगोलिक बनावट अनुकुल हुने गरी स्थानीयकरण गर्ने प्रयास गरेको छ । उपलब्ध स्रोत साधन तथा क्षमतालाई उपयोग गरी दिगो विकासका लक्ष्यमा पुग्ने मार्ग तर्फ अग्रसर रहेको छ ।

२. दिगो विकासका लक्ष्यहरु

दिगो विकासका लक्ष्यहरु मध्ये पहिलो लक्ष्य गरिबीको अन्त्य हो। दिगो विकास लक्ष्यले हालको अति गरिबी २३.८ प्रतिशतलाई सन २०३० सम्ममा ५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। त्यस्तै प्रतिव्यक्ति आम्दानीको हालको अमेरिकी डलर ७७२ बाट २५०० अमेरिकी डलरको लक्ष्य यसमा समावेश गरिएको छ। त्यस्तै तल्लो वर्गको हालको उपभोग गर्ने क्षमता ५ प्रतिशतलाई बढाएर १२ प्रतिशतमा पुर्याउने सामाजिक सुरक्षाको बजेटलाई राष्ट्रीय बजेटको १५ प्रतिशतमा पुर्याउने जस्ता लक्ष्यहरु यसमा समावेश गरिएको छ।

दिगो विकासको दोश्रो लक्ष्य भोकमरीको अन्त्य हो। खाद्यान्नको उत्पादन डबल बनाउने अर्थात हालको ३.३ मे.ट.प्रति हेक्टरलाई ६.६ बनाउने ,हालको पाँच वर्ष मुनिका कम तौल भएका ३० प्रतिशत वच्चाहरुको संख्या ९ प्रतिशतमा झार्ने, हालका पाँच वर्ष मुनिका पुडका बालबालिकाको संख्या ३४.७ प्रतिशतलाई १५ मा झार्ने ,हालका ५ वर्षमुनिका ११ प्रतिशत बालबालिकाको संख्या ० मा झार्ने तथा हालको ५ वर्षमुनिको रक्तअल्पता भएका बालबालिकाको संख्यालाई ४६ प्रतिशतबाट १० मा झार्ने लक्ष्यहरु यसमा समावेश गरिएको छ। त्यस्तै प्रजनन उमेरका महिलाहरुमा रहेको हालको रक्तअल्पता ३८.५ प्रतिशतलाई १० मा झार्ने ,हालको एक तिहाई भन्दा बढी मानिसले पर्याप्त खाद्यान्न खान नपाउने स्थितिको अन्त्य गर्ने तथा प्रतिव्यक्ति खाद्यान्न उत्पादन कम्तीमा पनि ६६ प्रतिशतले बढाउने लक्ष्यहरुलाई दिगो विकासका नीतिहरुमा समावेश गरिएको छ।

दिगो विकासको तेश्रो लक्ष्य भनेको सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जिवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने रहेको छ। यस अन्तर्गत प्रति लाख आमामा रहेको हालको मातृ मृत्युदर २५८ लाई घटाएर ७० मा झार्ने, नवजात शिशु र पाँच वर्ष मुनिका बालबालिकाहरुको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने, एच.आई.भी एडस ,क्षयरोग, औलोरोग र उष्ण प्रदेशिय उपेक्षित रोगहरुको महामारी

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

...क्सरौतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

अन्त्य गर्ने र हेपाटाईटिस, पानीजन्य रोगहरु एवं अन्य सरुवा रोगहरु नियन्त्रण गर्ने, नसर्ने रोगबाट हुन असामायिक मृत्युदरलाई रोकथाम र उपचारबाट एक तिहाईले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धी प्रवर्द्धन गर्ने ,लागु पदार्थ दुरुपयोग तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने जस्ता परिमाणात्मक लक्ष्यहरु प्रस्ताव गरिएको छ।

दिगो विकासको चौथो लक्ष्यमा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने कुरालाई जोड दिएको छ। सन २०३० सम्ममा निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने सबै छात्र छात्राहरुलाई प्राथमिक शिक्षाको लागि तयार गर्न, गुणस्तरीय प्रारम्भिक बालविकास हेरचाह र पूर्व प्राथमिक शिक्षामा उनीहरुको पहुँच सुनिश्चित गर्ने ,क्षमताले धान्न सकिने तथा गुणस्तरिय, प्राविधिक, व्यवसायिक र विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषहरुको समान पहुँचको सुनिश्चितता गर्ने ,रोजगारी ,मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम व्यवसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरुको संख्या वृद्धी गर्ने ,शिक्षामा लैंगीक असमानताहरुको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरुको लागि शिक्षा र व्यवसायिक तालिमका सबै तहहरुमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरु प्रस्तावित गरिएका छन।

दिगो विकासको पाँचौ लक्ष्य भनेको लैंगीक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरुलाई सशक्त बनाउने भन्ने हो। सबै महिला र किशोरीहरु विरुद्व जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने ,बेचबिखन ,यौन र अन्य प्रकारका शोषण लगायत सार्वजनिक एवम निजी क्षेत्रहरुमा सबै महिला र किशोरीहरु विरुद्व हुने सबै किसिमका हिंसा अन्त्य गर्ने ,बालविवाह, कम उमेरको विवाह ,जबर्जस्ति विवाह र महिला जनेन्द्रिय अङ्गभङ्ग गर्ने जस्ता सबै घातक/हानिकारक व्यवहारहरुको अन्त्य गर्ने, पारिश्रमिक बेगरको हेरचाह गर्ने र घरायसी कामलाई कदर गर्ने र महत्तव दिने राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय निर्माणका सबै तहहरुको नेतृत्वमा महिलाहरुको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरहरुको सुनिश्चितता गर्ने यौन तथा प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरुमा विश्पव्यापि पहुँच सुनिश्चित गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरु रहेका छन।

दिगो विकासको छैठौं लक्ष्य भनेको सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने रहेको छ। यसै गरी सातौं लक्ष्यमा धान्न र व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने रहेको छ ।

आठौं लक्ष्यमा स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्वन गर्ने लक्ष्य लिईएको छ । दिगो विकासको नवौं लक्ष्यको रुपमा उद्योग,नविन सोच र भौतिक संरचना आधारभूत संरचना लचकदार आधारभूत संरचना निर्माण गर्ने समावेशी र दिगो औद्योगिकरणलाई प्रवर्द्धन गर्ने तथा नविन आविष्कारलाई प्रोत्साहन दिने रहेको छ ।दिगो विकासको दशौ लक्ष्य **असमानतालाई न्यूनकरण** देश भित्र र देशहरू बीच असमानतालाई न्यूनिकरण गर्ने रहेको छ। दिगो विकासको एघारो लक्ष्का रुपमा दिगो सहरहरू र समुदायहरू, सहरहरू र मानव वस्तिहरूलाई

**मन्जित कुमार यादव** (सोनु)
अध्यक्ष

समावेशी, सुरक्षित, लचकदार र दिगो बनाउने रहेको छ भने बाह्रौं लक्ष्यको रुपमा उत्तरदायी उपभोग र उत्पादन तथा दिगो उपभोग र उत्पादनको ढाँचालाई निश्चित गर्ने लक्ष्य लिईएको छ ।

लिगो विकासको तेह्रौ लक्ष्यका रुपमा जलवायु कार्य जलवायु परिवर्तन विरुद्ध लड्नको लागि अत्यन्त जरुरी कार्य गर्ने लक्ष्य लिईएको छ । चौधौं लक्ष्यका रुपमा दिगो जल जीवन समुद्रहरू दिगो विकासको लागि महासागर, समुद्र र सामुद्रिक स्रोतहरूलाई संरक्षण गर्ने र त्यसलाई दिगो रूपमा प्रयोग गर्ने रहेको छ ।

पन्धै लक्ष्यका रुपमा दिगो भूमि जीवन पृथ्वीको पर्यावरणको दिगो प्रयोगको लागि संरक्षण पुनर् स्थापना र प्रवर्द्धन गर्ने, वनलाई दिगो रूपमा व्यवस्थापन गर्ने मरुभूमिकरण विरुद्ध लड्ने तथा भू क्षयलाई रोक्ने र उल्टयाउने र जैविक विविधतामा हुने हानिलाई रोक्ने लक्ष्य लिईएको छ । सोह्रौं लक्ष्यका रुपमा शान्ति र न्याय र मजवुत संस्था दिगो विकासको लागि शान्त र समावेशी समाजहरूलाई प्रवर्द्धन गर्ने, सबैको लागि न्यायमा पहुँच उपलब्ध गराउने अनि सबै स्तरहरूमा प्रभावकारी विश्वसनीय र समावेशी व्यवस्थाहरू निर्माण गर्ने रहेको छ भने सत्रौं लक्स्का रुपमा दिगो विकासको लागि साझेदारी लागू गर्ने उपायलाई सवलीकरण गर्ने अनि दिगो विकासको लागि विश्वव्यापी साझेदारीलाई पुनर् जीवित तुल्याउने ।

**३. दिगो विकास लक्ष्यलाई गाउँपालिकाको नीति, योजना, कार्यसंस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकीकरण गर्नुको आवश्यकता**

- दिगो विकास लक्ष्यमा विषयगत क्षेत्रहरु स्पष्ट किटान भएको, राष्ट्रिय लक्ष्य तोकिएकाले,
- दिगो विकास लक्ष्य विश्वका १९३ वटा देशको सर्वसहमतीले तयार पारिएको योजना परिपत्र भएकोले
- गरिवीको उन्मुलनका लागि दिगो विकास लक्ष्यलाई एउटा महत्वपूर्ण संयन्त्र मानिएकोले,
- राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो विकासको लक्ष्यलाई गाउँपालिकाको नीति, योजना, कार्य संस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकीकरण गर्न परिपत्र गरेकाले,
- दिगो विकासका लक्ष्यहरु मापनयोग्य, विशिष्ट, समयसापेक्ष भएकाले ।

**४. दिगो विकास लक्ष्यका आन्तरिकिकरणका नीतिहरु**

- गाउँपालिकाको पार्श्वचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा लिइने छ । दिगो विकासका १७ वटा लक्ष्य अन्तर्गतका विषय क्षेत्रहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा स्थापित गरिने छ ।
- गाउपालिकाको आवधिक विकास योजना, क्षेत्रगत रणनीति योजना, गुरुयोजना तथा वार्षिक योजना तयार गर्दा दिगो विकास लक्ष्यले मार्गदर्शन गरेका विषयगत क्षेत्र, लक्ष्य तथा रणनीतिहरुलाई आधारको रुपमा लिने छ ।

**मन्जित कुमार यादव** (सोनु)
अध्यक्ष

- गाउँपालिकाले आफ्नो गाउँपालिकाको नीति, ऐन, कार्यविधि, निर्देशिका तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई समेत मध्यनजर गर्दै नीति निर्माण गर्ने छ ।
- गाउँपालिकाले गाउसभामा पेश गर्ने नीति तथा कार्यक्रम र रणनीतिहरुमा दिगो विकासका लक्ष्यहरुलाई प्राथमिकता दिने छ ।
- गाउँपालिकाले चौमासिक, अर्द्धवार्षिक तथा वार्षिक समीक्षा गोष्टीहरु गर्दा दिगो विकासका लक्ष्यहरुलाई आत्मसाथ गरी ती विषयगत क्षेत्र अनुसाको प्रगती समिक्षा गर्नेछ ।
- गाउँपालिकाले आफ्नो वार्षिक प्रगति प्रतिवेदन तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई आधार बनाउने छ ।
- गाउँपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकासका लक्ष्य अनुसार प्रगति विवरण माग गर्नेछ ।
- दिगो विकास लक्ष्यका बारेमा गाउँपालिकाका पदाधिकारी, वडाका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुशिक्षण गरी सोहि अनुरुपका योजना तथा कार्यक्रम निर्माण गर्न सक्षम बनाईनेछ ।
- प्रदेश तथा संघमा गाउँपालिकाले प्रस्ताव पेश गर्दा दिगो विकास लक्ष्यका सूचकलाई आधार मानी प्रस्ताव लेखन कार्य गरिनेछ ।
- गाउँपालिकाले शिक्षा शाखा मार्फत विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थीहरु तथा अभिभावकलाई दिगो विकास लक्ष्यको बारेमा जानकारी गराई दिगो विकासका लक्ष्य प्राप्ती गर्न गागरुक गराईनेछ ।
- गाउँपालिकाले स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीलाई दिगो विकासका लक्ष्यको बारेमा अभिमुखिकरण गर्दै सो प्राप्तीतर्फ उन्मुख गराईनेछ ।
- गाउँपालिकाभित्र भएका विभिन्न समूह, समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यको बारेमा अभिमुखीकरण गरी सोहि बमोजिम क्रियाकलाप गर्न प्रेरित गरिने छ ।
- विपद न्युनिकरणका लागि पुर्व तयारीमा जुटौं भन्ने अभियानलाई साकार पार्न जनशक्ति विकासका साथै चेतनामूलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- आभारभूत सेवाको सुनिश्चितताको लागि स्वास्थ्य र मर्यादित जिवनयापनलाई जोड दिईनेछ ।
- सामाजिक न्याय र सामाजिक समानता कायम गर्न रणनीतिक योजना बनाई कार्यान्वयन गरिने छ ।
- स्वरोजगार तथा उद्यमशिलताको विकास मार्फत उच्च, दिगो र भरपर्दो आर्थिक वृद्धि मार्फत उत्पादन र उत्पादकत्वलाई दिगो बनाईनेछ ।
- सबैलाई अनिवार्य शिक्षाका साथै प्राविधिक, जीवनउपयोगी शिक्षालाई प्रभावकारी बनाईनेछ ।

**मन्जित कुमार यादव (सोनु)**
**अध्यक्ष**

ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जीतपुर/सरदिर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- कृषि क्षेत्रको विविधिकरण, व्यवसायीकीरण तथा रुपान्तरणका माध्यमबाट स्वरोजगार वृद्धि गरी आर्थिक समृद्धि मार्फत जनताको जीवनस्तरमा सुधार गरिनेछ ।

## ५. दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना

| क्र.सं. | विवरण | जिम्मेवारी | मिति |
|---|---|---|---|
| १ | गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट निर्माण गर्दा दिगो विकासका लक्ष्यहरुलाई मूल प्रवाहीकरण गर्ने । | आर्थिक प्रशासन शाखा र योजना शाखा | २०८२ असार १० गते भित्र |
| २ | गाउँपालिकाको नीति, कार्यनीति, रणनीतिहरुमा दिगो विकास लक्ष्यका उद्देश्य, रणनीति तथा नीतिहरुलाई समावेश गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ३ | जेण्डर अडिट गर्दा दिगो विकासका लक्ष्यका प्रावधानहरुलोई प्राथमिकतामा राखि गर्ने । | सामाजिक विकास शाखा | निरन्तर |
| ४ | गाउँपालिकाले वार्षिक योजना तथा प्रगती प्रतिवेदनमा दिगो विकासका लक्ष्यलाई आधार मानी बनाउने । | योजना शाखा | निरन्तर |
| ५ | गाउँकार्यपालिकाले गठन गर्ने विभिन्न समितिका पदाधिकारी, कर्मचारी र जनप्रतिनीधीहरुलाई दिगो विकासका बारेमा अनुशिक्षण गर्ने कार्यक्रम सञ्चालन गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ६ | गाउँपालिकाले शिक्षा शाखा मार्फत विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थीहरु तथा अभिभावकलाई दिगो विकास लक्ष्यको बारेमा अभिमुखीकरण गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ७ | सामाजिक न्याय र सामाजिक समानता कायम गर्न रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने | प्रशासन शाखा | निरन्तर |

**मन्जित कुमार यादव** (सोनु)
**अध्यक्ष**